म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०४ शुक्रबार ८ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 24 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सवारी दुर्घटनामा परी दुईजना घाइते

हेटौंडा, ७ मंसिर/हेटौंडा उपमहानगरपालिका-६ न्युरेनीस्थित कान्तिलोकपथ सडकखण्डमा बिहीबार दिउँसो सवारी दुर्घटना हुँदा दुईजना घाइते भएका छन् । दिउँसो साढे १२ बजेको समयमा हेटौंडा बजारबाट चौघडातर्फ जाँदै गरेको ना ५२ प ८०१० नम्वरको मोटर साइकललाई विपरित दिशाबाट आउँदै गरेको बा २ भ ३६६३ नम्वरको गाडीले ठक्कर दिंदा दुईजना घाइते भएका हुन् । घाइते हुनेहरुमा मोटरसाइकल चालक बाराको कलैया उपमहानगरपालिका वडा नम्वर २५ बस्ने ३१ वर्षीय रबि साह र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २२ वर्षीय रामेश्वर गिरी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घाइते उनीहरुलाई सोही गाडीमा उपचारको लागि हेटौंडा अस्पतालतर्फ पठाइएको हो । घटनाको बारेमा मकवानपुर प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

# हेटौंडालाई मंसिरभित्रै बालमैत्री घोषणा गर्ने योजना अन्यौलमा

निशा गुरुङ

हेटौंडा, ७ मंसिर/ २०८० मंसिर महिनाभित्र नेपालकै पहिलो बालमैत्री उपमहानगर बन्ने होडमा रहेको हेटौंडाको तयारी अन्यौल देखिएको छ । बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरलाई यही मंसिरसम्म बालमैत्री घोषणा गर्ने तयारी गरिएको थियो ।

तर, बालमैत्री घोषणा गर्न आवश्यक सूचकहरु पूरा गर्न नसक्दा उपमहानगरपालिका पछि परेको छ । यसअघि मकवानपुरको मनहरी गाउँपालिका नेपालकै पहिलो बालमैत्री गाउपालिका घोषित भएको थियो । त्यस्तै मकवानपुरगढी गाउँपालिका बालमैत्री घोषणा भइसकेको छ तर, ती पालिकामा घोषणा भएको एकवर्ष नबित्दै बढ्दो अवस्थामा देखिएको बालश्रम र बालविवाहले बालमैत्रीलाई निरन्तरता दिन चुनौती देखिएको छ । सरोकारवालाहरु स्थानीय तहलाई बालमैत्री घोषणा गर्नभन्दा पनि त्यसलाई निरन्तरता दिनु ठूलो चुनौती हुने बताउँछन् ।



हेटौंडा उपमहानगरलाई २०८० साल मंसिरसम्म बालमैत्री घोषणा गर्ने तयारी गरिएको थियो । त्यसका लागि हाल उपमहानगरका १९ वटै वडामा विभिन्न अभियान सञ्चालन पनि भइरहेको छ । सुरुमा उपमहानगरका सबै वडालाई बालमैत्री घोषणा गरेपछि मात्रै उपमहानगरलाई बालमैत्री घोषणा गर्ने तयारी छ । केही वडाहरुमा बालमैत्री घोषणा गर्न निमित्त आवश्यक सूचकहरु पूरा नहुँदा मंसिर महिनाभित्रै हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री घोषणा गर्न नसकिने उपमहानगरकी महिला तथा बालबालिका महाशाखाप्रमुख विष्णुकुमारी लामिछानेले बताइन् ।

लामिछानेका अनुसार दसैं तिहारजस्ता महान चार्डपर्वले गर्दा पनि बालमैत्री घोषणाको तयारीमा ढिला भएको बताइन् । उनका अनुसार कतिपय वडाहरुका विद्यालयले सूचक पूरा गरिनसक्दा ढिलाई भएको बताइन् । 'कानुन कार्यविधि कार्यान्वयनको बाटोमै छ । तर, कतिपय वडाहरुको विद्यालयमा सूचक पूरा हुन नसक्दा ढिलाई भएको हो ।', लामिछानेले भनिन्, 'आवधिक योजनहरु पनि बनाउने क्रममै छ त्यसकारण उपमहानगर पालिकालाई मंसिर महिनाभित्रै बालमैत्री घोषणा गर्ने अवस्थामा छैनौं ।',

लामिछानेका अनुसार उपमहानगरपालिकाको १९ वडामध्ये २, ६, ७, ८, १२ र १८ नम्वर वडाको तयारी अन्तिम चरणमा पुगेको छ । लामिछानेका अनुसार हेटौंडा उपमहानरपालिकालाई बालमैत्री घोषणा गर्ने मिति अहिलेसम्म टुंगो नलागेको बताइन् । अन्य जिल्लाबाट प्रशिक्षकहरु आउनुपर्ने र सबै वडाको तयारी पुगिनसेका कारण बालमैत्री घोषणा गर्न अझै समय लाग्न सक्ने जानकारी दिइन् । हेटौंडालाई बालमैत्री बनाउन मुख्य चुनौतीका रुपमा बालश्रम र बालविवाह नै हो ।

बालमैत्री पालिका घोषणाका लागि पूरा गर्नुपर्ने कार्यसम्बन्धी ५१ वटा सूचकमा १५ वटा संस्थागत विकास सूचक, १४ वटा बालबचाउ सूचक, १० वटा बालसंरक्षण सूचक, बालविकासका सूचक र बाल सहभागिताका सूचक समान ६-६ वटा छन् । ती सूचकमध्ये बाल संरक्षणसम्बन्धी सूचकभित्र पर्ने बालविवाह, बालश्रम नियन्त्रण जस्ता कुरा चुनौती छन् । बालमैत्री सहजीकरण समितिमा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई संयोजक रहेका छन् ।

हेटौंडा उपमहानगरले विभिन्न संघ, संस्थाहरुसँग समन्वय गरी बालमैत्री पालिका घोषणाको तयारी गरिरहेको छ । ५१ सूचकमा नवजात शिशुको स्वास्थ्यजाँच, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने, ६ महिनासम्म बालबालिकालाई स्तनपान, ५ वर्षसम्मका बालबालिकालाई भिटामिन क्याप्सुल खुवाएको र सबै किसिमका खोप लगाएको हुनुपर्नेछ । यसका साथै खानेपानीको पहुँच, शौचालयको सुलभता जस्ता सूचक पनि पूरा हुनुपर्ने छ ।

नेपालमा स्थानीय निकायलाई बालमैत्री बनाउने अभियान सुरु गरेको एक दशक पूरा भइसकेको छ । जनआन्दोलनपछि नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० मा अनुमोदन गरेपछि यो अवधारणाले जन्म लिएको हो । त्यसैअनुरुप वि.सं २०६८ मा नेपाल सरकारले बालमैत्री स्थानीय शासन रणनीति बनायो र त्यसै वर्ष बालमैत्री स्थानीय शासन कार्यविधि-२०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्यायो । यिनै नीति र कानुनी दस्तावेज अनुसार नेपालका स्थानीय निकायलाई बालमैत्री बनाउने अभियान तीव्र गतिमा अगाडि बढ्यो ।

मकवानपुरको मनहरी गाउँपालिका देशमै पहिलो बालमैत्री गाउँपालिका हो । यसअघि सुनवल नगरपालिका पहिलो नगरपालिका बनेको थियो । दोस्रोमा मकवानपुर कै बकैया गाउँपालिका रहेको छ । मकवानपुरगढी गाउँपालिका पनि बालमैत्री घोषणा भइसकेको छ । मकवानपुरमा हेटौंडासहित, भीमफेदी, कैलाश गाउँपालिकाले पनि बालमैत्री घोषणाको तयारी अगाडि बढाएका थिए । तर, बालमैत्री घोषणामा यी स्थानीय तहहरु अपेक्षाअनुसार अगाडि बढ्न सकेको देखिँदैन ।

# बागमतीको जितमा ढकालले लिए १ विकेट, कंसाकारले जोडे २५ रन



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ पोखरामा बिहीवारबाट सुरु केपी ओली टी-२० क्रिकेट प्रतियोगितामा बागमती प्रदेश क्रिकेट टिमले सहज जित निकालेको छ ।

पोखरा क्रिकेट मैदानमा भएको खेलमा बागमती प्रदेशले मदन भण्डारी स्पोर्ट्स एकेडेमी रातोलाई १०९ रनले हराएको हो । बागमतीको जितमा मकवानपुरका तीन खेलाडीले महत्वपूर्ण योगदान गरे । बलर रिजन ढकालले एकेडेमीविरुद्ध १ विकेट लिए । बागमतीका ओपनर शुभ कंसाकारले २२ बल खेल्दै २७ रन जोडे । शुभले ४ चौका र १ छक्का हिर्काएका थिए । मकवानपुरकै गौरभ खड्का १७ रनमा अविजित रहे ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा भएको टी-२० क्रिकेट प्रतियोगितामा एक सय ८४ रनको लक्ष्य पछ्याएको आयोजक १४.२ ओभरमा ७५ रनमै समेटिन पुगेको थियो । बागमतीको धारिलो बलिङसामु आयोजक समालिन सकेन । बागमतीका कप्तान सन्दीप लामिछानेले चार ओभरमा १६ रन मात्रै खर्चिएर ४ विकेट लिए । सुवास खत्रीले तीन तथा प्रतिश जिसीले दुई र रिजन ढकालले एक विकेट लिँदै आयोजकको इनिङ सस्तैमा रोक्न सफल भएका थिए ।

आयोजक एकेडेमीका लागि अमर मिश्रले १३, विजय प्रजापतीले १३ र सन्तोष यादव १२ रन बनाए । निर्मल थापाले १० रन जोड्दा अन्य ब्याटरले भने दोहोरो अंकको रन बटुल्न सकेनन् । बागमतीले सहज जित निकाल्यो । नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान समेत रहेका सन्दीपको कप्तानीमा उत्रिएको बागमतीले टस हारेर पहिले ब्याटिङको निम्तो पायो ।

बागमतीलाई ब्याटिङ गराउने आयोजकको निर्णय सही सावित भएन । रित गौतमको ७४ रनको योगदानमा बागमतीले पूरै ओभरमा खेल्दै सात विकेटको क्षतिमा १८४ रनको योगफल तयार पार्‍यो । ओपनर गौतमले ५३ बलमा आठ चौका र तीन छक्का प्रहार गरे ।

उनी २०औं ओभरको अन्तिम बलमा रनआउटको शिकार भए । अर्का ओपनर शुभ कंसाकार पनि २२ बल खेल्दै २७ रनमा र नआउट भए । शुभले ४ चौका र १ छक्का हिर्काए । इसान पाण्डे सन्देश थापाको बलमा डकआउट भए । पावरप्लेमा दुई विकेट गुमाएको बागमतीको इनिङ ओपनर रितले अगाडि बढाएउँदै अन्तिमसम्म पुर्‍याए । प्रतीक श्रेष्ठ १४ रन बनाउने क्रममा सन्तोष यादवको बलमा आउट हुन पुगे । प्रतिश जिसी पनि बिप्रासन केसीको बलमा ९ रनमै पभेलियन फर्किए । बलर केसीले १४ औं ओभरमा २४ रन खर्चिएर दुई विकेट लिए ।

सो ओभरमा उनले सन्दीपको विकेट पनि लिए । लामिछानेले उनलाई लगातार तीन छक्का हिर्काएर दबाबमा राखे पनि ओभरको अन्तिम बलमा आउट भए । गौरभ खड्का १७ रनमा अविजित रहे । एकेडेमीका केसीले तीन ओभरमा ३९ रन खर्चिएर ३ विकेट लिए । सन्देथ थापा र सन्तोष यादवले समान एक/एक विकेट लिए ।

प्रतियोगिताको उद्घाटन नेकपा एमालेका अध्यक्ष एवं मदन भण्डारी स्पोर्टस एकेडेमीका संरक्षक केपी शर्माओलीले गरेका थिए । प्रतियोगिताको विजेताले नगद ५ लाख र उपविजेताले २ लाख ५० हजार नगद सहित मेडल र ट्रफि प्राप्त गर्नेछन् । म्यान अफ द सिरि जले नगद ३० हजार, बेस्ट ब्याटर र बलरले जनही नगद २०/२० हजार तथा म्यान अफ द म्याचले नगद ५ हजार रुपैयाँ पाउनेछन् ।

# मकवानपुरगढी र त्रिखण्डीमा हरिबोधिनी एकादशी मेला



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ मकवानपुरमा हरिबोधिनी एकादशीको अवसरमा ठुलो मेला लागेको छ । मकवानपुरको मकवानपुरगढी-२ मा रहेको ऐतिहासिक गढीदरबार परिसर र भीमफेदी-१ त्रिखण्डेश्वर मन्दिर परिसरमा मेला लागेको हो ।

एकादशी मेलामा बिहीबार बिहानैदेखि भक्तजनहरु र मेला हेर्न आउनेको घुईंचो लागेको हो । प्रत्येक वर्ष लाग्ने एकादशी मेलाको अवसरमा हजारौं संख्यामा दर्शनार्थीको भीड लाग्ने गर्दछ । मकवानपुरगढी दरवार परिसरमा रहेको वंशगोपाल मन्दिरमा व्रतालुहरुले पूजाआजा गर्नुका साथै मेलामा नाचगान र विभिन्न परिकारहरु खाएर मनाएका छन् । मेलामा विभिन्न परिकारका खानेकुरा, सयपत्री माला, एकादशीमा विशेष रुपमा प्रयोग गरिने उखु, पिँडालु, सखरखण्ड लगायत फलफूल अन्य सामानहरु मेलामा बिक्रीका लागि राखिएको थियो ।

मेला मकवानपुरगढी स्थानीयबासी र हेटौंडा बजारका व्यापारीहरु मेलामा व्यापार गर्न पुगेका थिए । मेला भर्न आउने श्रद्धालुहरुको लागि आवश्यक सुरक्षा व्यवस्थापन गरिएको वडा नम्बर २ का वडाअध्यक्ष बखानसिं पाखिनले बताए । मेलामा भजनखैजडीको साथै मादल बजाउँदै लोकदोहोरी भाकामा रमाउँदै नाचगान गर्नेको भीड उत्तिकै रहेको वडाध्यक्ष पाखिनले बताए । मेलालाई व्यवस्थित गर्न प्रहरी, वडा कार्यालय, टोल विकास समितिले आवश्यक समन्वय गरेको अध्यक्ष पाखिनले बताए ।

त्यस्तै, भीमफेदी गाउँपालिका-१ मा रहेको त्रिखण्डेश्वर महादेवको मन्दिर परिसरमा पनि ठुलो मेला लागेको छ । त्रिभूवन राजपथमा अवस्थित यो मन्दिर मेलाले गर्दा सडकमा सवारी साधान आवातजावतमा कठिनाई भएको थियो ।

सुरक्षाकर्मी परिचालन गरी मेलालाई सुरक्षित र व्यवस्थित गरिएको मकवानपुर प्रहरीले जनाएको छ । त्रिखण्डीमा पूजाआजा सहित विभिन्न परिकार विक्री गरिनुका साथै विभिन्न खेलहरु खेलाइने गरिन्छ । त्रिखण्डीमा पनि बिहीबार विहानैदेखि भक्तजनको भीड लागेको थियो ।

# प्रतिष्ठानका प्राध्यापक आन्दोलित, १५ दिनदेखि अध्यापन बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ प्राध्यापकहरु विरोधमा उत्रिएर 'पेनडाउन' गरेपछि हेटौंडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्यापन कार्य बन्द भएको छ ।

स्नातक तहको नर्सिङ, फार्मेसी, पब्लिक हेल्थ र ल्यावरोटरी विषयमा आयोगले तोकेको कोटामा विद्यार्थी सहभागी गराएर अध्यापन कार्य गरिरहेको प्रतिष्ठानमा कार्यरत प्राध्यापकहरुले तलब, भत्ता बापतको भुक्तानी नपाएपछि आन्दोलन गर्नुपर्ने बाध्यता आइपरेको बताएका छन् । प्राध्यापकहरुले ४ महिनादेखि तलब नपाएको गुनासो छ । तलब, भत्ता लगायतका अन्य सुविधाबापतको रकम भुक्तानी प्राप्त गर्न नसकेको प्राध्यापक कल्याणकारी समिति मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाका अध्यक्ष विश्वास सापकोटाले बताए ।

प्रतिष्ठानले विगत ४ महिनादेखि २४ जना प्राध्यापकको तलब भत्ता लगायतका सुविधाको र कम भुक्तानी नगरेकाले विरोधमा उत्रिएको उनको भनाई छ । विरोधस्वरुप प्राध्यापकहरुले गत कात्तिक २२ गतेदेखि पठनपाठन नै ठप्प पारेका छन् । अध्यक्ष सापकोटाका अनुसार प्रतिष्ठानले प्राध्यापकको दैनिकी नै चलाउन समस्या पर्ने अवस्थामा पुग्दा समेत तलब भत्ता र अन्य सुविधा बापतको




रकम भुक्तानी नदिएकाले पेनडाउन गरेको हो । प्राध्यापकले पेनडाउन गरेसँगै विद्यार्थीको पठनपाठन १५ दिनदेखि पूर्णरुपमा ठप्प भएको छ । पठनपाठन बन्द हुँदा विद्यार्थी मर्कामा परेका छन् । प्राध्यापकले गत भदौदेखि तलब भत्तालगायतका अन्य सुविधा बापतको रकम भुक्तानी प्राप्त नगरेको अध्यक्ष सापकोटाले बताए ।

नवौं तहमा कार्यरत एक कर्मचारीले बेसिक तलब ५१ हजार रुपैयाँ सहित भत्ता, लगायतका सुविधा प्राप्त गर्ने भएपनि प्रतिष्ठानले भुक्तानी नदिएको उनको भनाइ छ । चालु आर्थिक वर्षको पहिलो महिना (साउन) को तलब सुविधा बापतको रकम पनि सघंर्षपूर्ण तवरबाट प्राप्त गरेको र त्यस यताको रकम भुक्तानीमा प्रतिष्ठानले कुनै चासो नदिएको उनले बताए । तलब भत्तालगायतका सुविधा बापतको रकम माग गर्दा समेत प्रतिष्ठानबाट मन्त्रालयले पैसा नपठाएको भन्ने गैर जिम्मेवारपूर्ण जवाफ आउने गरेको उनको भनाइ छ ।

प्रतिष्ठानका शिक्षाध्यक्ष डा. सुदर्शन शेरचनका अनुसार प्रदेश सरकारले छात्रवृत्ति बापतको रकम प्रतिष्ठानमा नपठाउँदा प्राध्यापकको तलब भत्ताबापतको रकम भुक्तानी दिन समस्या भएको जानकारी दिए । उनका अनुसार चिकित्सा शिक्षा आयोगको नीतिअनुरुप कूल विद्यार्थी संख्यामध्ये ७५ प्रतिशतलाई छात्रवृत्ति प्रदान गर्नुपर्ने हुन्छ भने सो बापतको रकम प्रदेश सरकारले प्रतिष्ठानलाई भुक्तानी दिनुपर्ने हुन्छ । प्रदेश सरकारले गत आर्थिक वर्षदेखि यो शीर्षकमा प्राप्त हुने बजेट प्रतिष्ठानलाई उपलब्ध नगराउँदा प्राध्यापकको तलब भत्तालगायतका सुविधाबापतको रकम भुक्तानीमा समस्या भएको उनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सरकारी सिमेन्ट उद्योगको बिजोक

कुनै जमानामा हेटौंडा सिमेन्ट उद्योगमा जागिरे छ भनेपछि त्यसको बेग्लै ईज्जत र प्रतिष्ठा हुन्थ्यो । उद्योगको बसले कामदार कर्मचारीलाई ल्याउने र लैजाने गरेको थियो । यतिमात्र होइन उपभोक्ताले घर बनाउनका लागि हेटौंडा सिमेन्ट बजारबाट किन्न नसकेपछि उद्योगका कामदार कर्मचारीलाई हारगुहार गरेर महिनौं कुर्नु पर्थ्यो । भारतीय कम्पनीका सिमेन्ट भन्दा केही महँगोमा हेटौंडा सिमेन्ट बिक्री हुने गरेको थियो । हेटौंडा सिमेन्टको अधिकृत बिक्रेता बन्न लाखौं रुपैयाँ धरौटी राख्नु पर्ने थियो । सिमेन्ट उद्योगबाट लोर्ड भएपछि डिलरमा नपुग्दै सीधै उपभोक्ताकोमा तात्तातै पुर्‍याइन्थ्यो । तर, अहिले त्यही हेटौंडा सिमेन्ट बिक्री नभएर उद्योगको गोदाममा थन्किएको छ । यस्तो अवस्था आउनुमा नेपालमा निजी क्षेत्रका सिमेन्ट उद्योग प्रशस्तै खुल्नु र सिमेन्टमा देश आत्मनिर्भर हुनु पनि हो । कम गुणस्तरको भारतीय सिमेन्ट उपभोग गर्न बाध्य भएका उपभोक्ताले नेपाली उत्पादन उपभोग गर्न पाएका छन् । एकातिर सिमेन्टमा मुलुक आत्मनिर्भर भएको छ भने सरकारी स्वामित्वको उद्योग भने जीर्ण बन्दै गएको छ ।

निजी क्षेत्रका सिमेन्ट उद्योगको एकाधिकारको बजार नियन्त्रण गर्नका लागि भएपनि सरकारी सवमित्वका हेटौंडा, उदयपुर जस्ता सिमेन्ट उद्योगको उत्पादनले निरन्तरता पाउनै पर्छ । यसका लागि प्रदेश सरकारको तर्फबाट गरिएको प्रतिबद्धतामा थोरै आशाबादी बन्ने ठाउँ रहेको छ । बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारल सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको निरीक्षण गरेका छन् । मन्त्री चित्रकारले उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेसँग भेटेर उद्योगको अवस्था र पुनर्उत्थान गर्न सक्ने सम्भावनाका विषयमा चासो राखेका थिए । हेटौंडा सिमेन्ट उद्योगको जीर्ण उपकरणको निरीक्षणपश्चात चित्रकारले हेटौंडा सिमेन्ट उद्योगलाई पुनर्जीवन नदिएसम्म रोजगार वृद्धि गर्न नसकिने दावी गरे । युवाहरु रोजगारको खोजीमा विदेशिएको अवस्थामा केहीहदसम्म रोक्न प्रदेश सरकारको पनि भूमिका रहेको उनले बताए । मन्त्री चित्रकारले हेटौंडा सिमेन्ट उद्योगको पुनर्उत्थानका लागि संघीय उद्योग मन्त्री र अर्थमन्त्रीसँग भेटेरै कुरा राखेको बताए । हेटौंडा सिमेन्ट उद्योगको विषयमा मैले संघीय उद्योग मन्त्री, अर्थमन्त्री र अर्थसचीवसँग कुरा राखेको उनले दाबी गरेका छन् । अब यसलाई हामीले हिजोजस्तै क्षमतामा सञ्चालन गराउन सकरात्मक बनाउनु छ, प्रदेश सरकार यो विषयमा गम्भीर छ भन्ने आश्वासन पनि दिएका छन् । मन्त्री चित्रकारले हेटौंडा सिमेन्ट उद्योगलाई बन्द हुन नदिन संघीय सरकारसँग समन्वय गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेका छन् । उद्योगको उपकरणहरु जीर्ण भएका छन् ।

निजी सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्दा लाखौं बोरा सिमेन्ट बिक्री नभएर थन्किएको बताइएको छ । हेटौंडा सिमेन्ट उद्योग जस्तै अर्को नयाँ उद्योग स्थापना गर्ने हो २०/२५ अर्व रुपैयाँ लाग्छ । हेटौंडा सिमेन्ट उद्योग मर्मत गर्न र आवश्यक उपकरण परिबर्तन गर्न १ सय ६० करोड उद्योगलाई लगानी गर्ने हो भने उद्योग राम्रोसँग चलाउन सकिने बताइएको छ । वि.सं. २०४२ देखि व्यावसायिक उत्पादन सुरु गरेको यो उद्योगले निजी क्षेत्रमा स्थापित उद्योगसँग प्रतिष्पर्धा गर्न नसकेकै कारण घाटामा छ । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग निरन्तर घाटामा छ । पटक-पटक उत्पादन बन्द गर्ने, आंशिक मात्रामा मात्रै उत्पादन गर्ने गरिएको उद्योग धराशायी बनिरहेको हो । यो उद्योगले निजी क्षेत्रमा स्थापित उद्योगसँग प्रतिष्पर्धा गर्न नसकेकै कारण घाटामा छ । उद्योगले आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म करिब ९० करोड घाटा ब्यहोरेको छ । कच्चापदार्थको निरन्तर मूल्यबृद्धि, उत्पादन लागतभन्दा कम मूल्यमा सिमेन्ट बिक्री गर्नुपर्ने बाध्यताबीच उद्योग दिनप्रतिदिन टाट पल्टने स्थितिमा पुगेको उद्योग व्यवस्थापनले जनाएको छ । उद्योगले कोइलाको १९ करोड रुपैयाँ तिर्न बाँकी छ । उद्योगमा भएको करिब तीन लाख बोरा मौज्दात सिमेन्ट बिक्री नभएपछि उद्योग सरकारकै मुख ताक्न बाध्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ९ गते शनिबार, २५ नोभेम्बर २०२३ ।त्रयोदशी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३३, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मित्रहरुबाट सहयोग हुनेछ | तुला | : दोहोरो लाभ मिल्नेछ |
| वृष | : आफन्तबाट विरोध हुनेछ | वृश्चिक | : श्रमबाट प्रशस्त लाभ हुनेछ |
| मिथुन | : पेसाबाट घाटा देखिन्छ | धनु | : पारिवारिक समस्या आउनसक्छ |
| कर्कट | : कामको उचित प्रतिफल पाइनेछ | मकर | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| सिंह | : धन आर्जन हुनेछ | कुम्भ | : अधुरा योजना पूरा हुने देखिन्छ |
| कन्या | : काम बन्नाले उत्साह जाग्नेछ | मीन | : भाग्योदयको समय रहनेछ |

# राजतन्त्रको तलतल !



मनिकर कार्की



पौडी खेलमा 'फ्रिस्टाइल' प्रवर्ग हुन्छ, जहाँ खेलाडीले आफ्नै अनुकूलतामा डाइभ हान्दै हात-खुट्टा फट्कारेर पौडी खेल्न सक्छ । अहिले मुलुकको राजनीतिमा पनि त्यही शैली हावी छ ।

सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई कसरी आफू सत्तामा टिकिरहने भन्ने ध्याउन्न छ भने सरकारको मुख्य सहयात्री दल नेपाली कांग्रेस पालो मिचेरै भए पनि चाँडै सत्तासीन हुन चाहन्छ । सत्ताका साझेदार अन्य पार्टीहरू पनि आ-आफ्नो गच्छे र हैसियत अनुसारको सत्ताको सुस्वाद भोजन अक्षुण्ण रहोस् भन्ने नै चाहन्छन् । यसरी सत्ताधारी दलका विभिन्न घटक सत्ताको पोखरीमा आ-आफ्नै ढंगले बाँकटे हान्दैछन् ।

उता प्रमुख प्रतिपक्ष नेकपा एमालेलाई भने सरकारको छायाँसम्म पनि मन परेको छैन । ऊ सदन, सडकदेखि सार्वजनिक कार्यक्रममा समेत सरकारको उछित्तो काढेरै अलोकप्रियता सावित गर्न कम्मर कसेर लागेको छ । संभवत: वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले 'गठबन्धन' बदलेर आफूहरूलाई धोका दिएकोमा एमाले क्षुब्ध छ । तथापि प्रतिपक्षमा बसेर गुण-दोषका आधारमा सरकारको समर्थन र विरोध गर्नुभन्दा फगत आलोचनालाई नै उसले राजनीतिक हतियार बनाएको छ । यसबाट नेकपा एमाले सत्ता गुमाउनुपर्दाको पीडानुभूति गरिरहेको लख काट्न सकिन्छ ।

त्यस्तै अर्का दुई प्रतिपक्षी दलहरूमध्ये तिलस्मी ढंगले उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र रवि लामिछानेको 'प्रोग्रेस चार्ट' ले 'डाउनवार्ड ट्रेन्ड' -घट्दो क्रम) समातिसकेको छ । उनको लोकप्रियताको ग्राफलाई 'अपवार्ड मूभ' दिन मुलुकमा केही न केही घटना घट्नुपर्ने रहेछ । कुनै प्राकृतिक वा मानवजन्य घटना, जहाँ सरकारलाई एकोहोरो गाली बर्साउन पाइयोस् । पारम्परिक दलहरूलाई एकमुष्ट आलोचना गर्न पाइयोस् । अनि जनतालाई उही आशामुखी मायाजालमा पार्न सकियोस् । अन्यथा शून्य समयको राजनीतिक फन्डा उतिसारो नबिक्ने रहेछ भन्ने कुराको भेउ पाएरै कहिलेकाहीं रवि लामिछाने आफैं अलापिन थालिसकेका छन् ।

प्रतिपक्षकै भूमिकामा रहेको राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा भने 'राजतन्त्र'को उत्खननमा लागेको छ । अक्सर लबेदा सुरुवाल अनि रातो टीकामा ठाँटिने लिङ्देन गेटअपले नै आफूलाई 'ब्राफमणवादी' र सार्वजनिक जीवनमा कट्टर 'हिन्दुवादी' देखिन हरसम्भव कोसिस गरिरहेका हुन्छन् । संभवत: उनलाई लागेको छ, राजतन्त्रको फिर्ती त्यही ब्राफमणवाद र हिन्दुवादको पैयाजडित रथारोहणबाट हुनेछ । पछिल्लो समय लिङ्देनको होस्टेमा हैंसे थप्न बाजुरेली मिश्र पनि उतै पुगेका छन् ।

कुनै बेला प्रश्न सोध्ने ठाउँबाट उत्तर दिने स्थानमा पुग्ने उत्कट मनोकांक्षाका साथ 'वैकल्पिक' राजनीतिको वकालत गर्दै राजनीतिमा छिरेका बीबीसी नेपाली सेवाका पत्रकार रवीन्द्र मिश्र अहिले 'राजाको पाउमा' दाम राख्नुमै उन्नत विकल्प देख्न थालेका छन् । गणतन्त्र आएयता नागार्जुन दरबारमा आश्रय लिइरहेका ज्ञानेन्द्र शाहबाट 'नारायणहिटी दरबार'मा दशैंको टीका थापेर आशीर्वाद लिन पाइयोस् भन्ने नै उनको अन्तिम राजनीतिक अभीष्ट बन्न पुगेको छ । मिश्र आफ्नो दिलोज्यानले सो अभियानमा निष्ठापूर्वक लागेका छन् । संभवत: उनको राजनीतिक यात्रामा देखिएको साझा-विवेकशीलको मोड 'राजतन्त्र'कै फायर खोल्ने 'कभर अप' थियो । तर, धेरै मानिस उनको मिसनमा झुक्किए ।

### दुर्गाको 'दुर्नियत'

पछिल्लो समय राजनीतिको रंगमञ्चमा नयाँ पात्रको आगमनको सम्भावना बढ्दै गएको छ । उनी हुन्, दुर्गा प्रसाईं । मूलत: मुलुकको बैंकिङ प्रणाली र सरकार एवं राजनीतिक नेतृत्वप्रति सामाजिक सञ्जालमा विवादास्पद छेडखानी गर्दै उदाएका दुर्गा प्रसाईं 'नागरिक, देश र नरेश'को उद्धार गर्ने हुँकार गर्दै राजनीतिमा आउन खोज्दैछन् । उनी यही मंसिर ७ गते कथित 'नागरिक भेला'को तयारीमा जुटेका छन् । काठमाडौंमा गर्ने भनिएको सो नागरिक सभा मार्फत उनले के उद्घोष गर्लान् र आफ्नो राजनीतिक अभीष्टलाई कसरी प्रस्तुत गर्लान् त्यो त भोलिका दिनमा नै थाहा लाग्ने विषय हो । तथापि उनको विवादास्पद विगत र अभिव्यक्तिका शृङ्खला केलाउने हो भने उनले मुलुकमा केवल अराजकता निम्त्याउने प्रयत्न गरेको पुष्टि हुन्छ । उनको अभीष्टमा 'ऋण पीडित'का नाउँमा सर्वसाधारणलाई बटुलेर 'ज्ञानेन्द्र शाह'लाई गुन लगाउने नाममा आफ्नै दुनो सोझ्याउने दुर्नियत नै देखापर्छ ।

हो, उनी राज्यबाट कहींकतै अन्यायमा परेका छन् भने उनले र उनको संस्थाले पनि न्याय पाउनुपर्छ । यदि उनलाई आशयपत्र दिइसकेपछि पनि मेडिकल कलेजका लागि सम्बन्धन दिइएको हैन भने त्यो राज्यले गरेको त्रुटि हो । किनकि आशयपत्र पश्चात् भौतिक र प्राविधिक संरचना निर्माणमा ठूलो लगानी लगाइसकेपछि राज्यले सो कामका लागि निषेध गर्नु किमार्थ उचित होइन । तथापि विगतमा उनले नेतृत्व गरेको कथित 'ऋण पीडित' आन्दोलन भने कुनै निष्कर्षमुखी कार्यक्रम थिएन ।

ऋण पीडितको नाउँमा बैंक तथा लघुवित्तहरूको ऋण तिर्नुपर्दैन भन्दै जनमानसलाई उराल्ने उनको एजेण्डा कसै गरे पनि सही ठहरिँदैन । हो, मुलुकको अर्थतन्त्र संकटमा परेको बेला, व्यापार व्यवसाय ओरालो लागेको बेला व्यवसायीलाई बैंकको ब्याज तिर्न र विपन्न वर्गमा अर्बौं वित्तीय स्रोत प्रवाह गरेको लघुवित्तका ग्राहकहरूलाई ऋण तिर्न समस्या परेको यथार्थ हो । तर, त्यही अवस्थाको फाइदा उठाउँदै ऋण तिर्नु पर्दैन भनेर मान्छे उराल्न खोज्नु अराजताको पराकाष्ठा हो ।

ऋणीहरूकै हितमा कुरा गर्दा पनि मुलुकको विद्यमान आर्थिक अवस्थाको मूल्यांकन गरी ऋणीहरूलाई सावाँ-ब्याज तिर्ने समयसीमा बढाउने, ब्याज तथा हर्जाना छुटका लागि केन्द्रीय बैंक मार्फत पहल गर्ने, ऋण पुनर्तालिकीकरण गर्ने जस्ता उपायहरू सुझाउन सकिन्थ्यो । तर, त्यो असन्तुष्टिलाई भजाउँदै समग्र बैंक तथा वित्तीय संस्थाहरूलाई नै 'सुदखोर'ले आक्षेपित गर्दै खाएको ऋण 'तिर्नुपर्दैन' भन्दै जनतालाई सडकमा अवाञ्छित गतिविधि गर्न उक्साउनु किमार्थ सही होइन ।

जुनसुकै देशको अर्थ प्रणाली सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाहरू साधक हुन्छन् । बैंकिङ प्रणाली चल्ने विधि र विश्वासले हो । त्यही विधि र विश्वासले अनुशासनमा बाँध्ने काम गर्छ । तर, कुनै व्यक्तिको अमूक वित्तीय वा राजनीतिक अभीष्ट पूरा गर्नकै लागि मुलुकको वैधानिक कानुन, विधि र त्यसले स्थापित गरेको विश्वासलाई नै खल्बल्याउन खोज्नु किमार्थ सही हुन सक्दैन ।

### गणतन्त्र छ, त्यसैले लोकतन्त्र छ

मुलुकमा अहिले गणतन्त्र छ र नै सबैले स्वतन्त्रताको अनुभूति गरिरहेका छन् । अनि यो गणतन्त्र कसैले किस्तीमा उपहार दिएको जिनिस हैन । हजारौंको बलिदानी, लाखौंको संघर्षले ल्याएको परिवर्तन हो । यही गणतन्त्रले नै राजेन्द्र लिङ्देन, रवीन्द्र मिश्र हुँदै दुर्गा प्रसाईंसम्मलाई राजतन्त्रको वकालत गर्ने स्वतन्त्रता दिएको छ ।

नेपाली नागरिकको हैसियतले दुर्गा प्रसाईंलाई पनि राजनीतिमा आउन सधैं छुट हुनेछ । उनलाई मुलुकको कानुनले दल खोल्न पनि दिन्छ । आफैं चुनाव लडेर जितेर शक्ति आर्जन गरेर सत्तासीन हुन पनि पाउँछन् । किनकि मुलुकमा बहुदलीय लोकतन्त्र छ । आवधिक निर्वाचन हुन्छ । निर्वाचन मार्फत नै राजकीय शक्ति आर्जन गर्ने पद्धति विद्यमान छ । मुलुकमा अहिले यतिसम्म स्वतन्त्रता पनि छ कि उनलाई अन्टसन्ट बोलेर सामाजिक सञ्जालमा भाइरल हुने स्वतन्त्रता पनि छ ।

आखिर यही गणतन्त्र हो जसले राजेन्द्र लिङ्देन र रवीन्द्र मिश्रहरूलाई राजतन्त्र फर्काउने अभिव्यक्ति दिन पनि छुट दिएको छ । दुर्गा प्रसाईंलाई 'बैंक र लघुवित्तको ऋण तिर्नुपर्दैन' भन्ने अभिव्यक्ति दिन पनि छुट दिएको छ । ज्ञानेन्द्र शाहलाई ऐन-मौकामा 'देशको चिन्ता गर्ने' सुविधा पनि दिएको छ । संसद्मा राजतन्त्र चाहियो भन्दै भाषण गर्न पनि छुट छ । सरकारलाई गाली गर्ने छुट छ । राजनीतिक दल र तिनका नेतृत्वको आलोचना मात्र होइन, बदख्वाइँ गर्न पनि छुट छ । सञ्चारमाध्यमहरूमा आफ्ना विचार अभिव्यक्त गर्ने छुट छ । किनकि कम्तीमा मुलुकमा अहिले सैन्य बुट बजार्ने अधिनायकी हैन, गणतन्त्र छ । किनकि यहाँ लोकतन्त्र छ ।

पछिल्लो समय कतिपय पठित बुद्धिजीवीहरू समेत विद्यमान अर्थ-राजनीतिक रूपान्तरणका जटिल आयामहरू खुट्याउनुको सट्टा सतही टिप्पणी गर्दै विगततिर फर्किएर समाधान प्रेस्क्राइब गर्दैछन् । नयाँ पुस्ता त झनै अल्लारे शैलीमा आफूले भोगेको त परै जाओस् सुन्दै नसुनेको, महसुसै नगरेको राजतन्त्रको महिमा गाउन पुगेका छन् । के वर्तमानको असन्तुष्टि भजाउन व्यवस्थामाथि गरिने मजाकजन्य टिप्पणीले विकल्प दिन्छ ? यो रोमान्टिसिजम्ले आजको युगको चेतना र अबको कार्यभार सुहाउँदो विकल्प खडा गर्न सक्छ ?

### सुविधाको विगतमुखी यात्रा

मानिसको स्वभाव नै विगतमुखी हुन्छ । वर्तमानको जटिलता छिचोल्न नसक्दा र सुन्दर भविष्यको मार्गचित्र प्रष्ट नहुँदा स्वाभाविक रूपमा मान्छे विगततिरै फर्किन्छ । किनकि विगततिरको मानसिक यात्रा सहज हुन्छ । किनकि विगत भोगिएको हुन्छ । भोगेको विगतमा पर्याप्त सूचना र जानकारी हुन्छ । जीवनका अप्ठेरा गल्छेडाहरू पछि सम्झिंदा रोमान्टिक पनि लाग्छ । अनि विगत सोच्न धेरै कष्टसाध्य कार्य गर्नु पनि परेन । त्यसैले विगततिर लहसिन सहज हुन्छ ।

तर, यथार्थ के हो भने वर्तमानको गाँठो व्यतीत विगतले फुकाउन सक्दैन । विगत त आजका लागि सन्दर्भ सामग्री मात्रै हो । कथा त आज लेख्नुछ । जीवन त आज जिउनु छ । समस्या त आजको समाधान गर्नुछ । अनि सपना भोलिको देख्नुछ । त्यसैले विगततिर फर्किएर हैन, भविष्यमुखी भएरै जीवन अघि बढ्छ । हो, वर्तमानमा केही समस्या पक्कै हुनसक्छन् ।

अहिले मुलुकको अवस्था पनि केही जटिल भएको छ । राजनीतिले सही मार्गदर्शन गर्न सकेको छैन । तर, यसो भन्दै गर्दा व्यतीत समय स्वर्णिम थियो, विगतको पञ्चायत अच्छा खासा थियो, झन् राजतन्त्रकालीन समय उत्पातै थियो, यसो पटक्कै होइन । किनकि हाम्रो विगत दयनीय मात्र होइन त्रासदीपूर्ण पनि थियो । राजतन्त्रको तलतलमा लठ्ठिएका केही मानिसहरूले यो बुझ्नुपर्छ कि राजतन्त्र आफैंमा नयाँ युगको कार्यभार सुहाउने शासन व्यवस्था नै होइन ।

अनि राजतन्त्र जनताको अवस्थासँग कुनै साइनो र सरोकार राख्ने शासन व्यवस्था पनि होइन । यो त केवल राज्यलाई आफ्नो बपौती ठानी जनतामा रहेको सार्वभौमसत्तालाई 'श्रीपेच'मा कैद गर्ने व्यवस्था हो । यो त वंश परम्परा अनुसार जेठो छोरो राजा हुने प्राक्आधुनिक एवं मध्यकालीन युगको शासन व्यवस्था हो । त्यसैले आज सडकमा पोखिएका असन्तुष्टि, जनताको परिवर्तन र उन्नतिको हुटहुटी, विकास र समृद्धिको सपना आदिसँग राजतन्त्रको कुनै साइनो सम्बन्ध नै छैन ।

नेपालमै पनि राजतन्त्रकालीन समयमा रेडियो स्टेशन र अखबारका सम्पादकीय च्याम्बरमा बन्दुकधारी सेनाले सञ्चारमाध्यमहरूको कन्टेन्टमाथि सेन्सर गरेको विगत विस्मृत भइसकेको छैन । आज सबैतिर खुल्ला छ, सबैले आफ्ना असन्तुष्टि र आक्रोश कुनै न कुनै माध्यमबाट अभिव्यक्त गर्न पाएका छन् र नै मान्छेलाई त्यो राजतन्त्रको तलतल लागेको हो । मानौं आज कसैले केही बोल्न र लेख्न नपाउने कुनै प्रकृतिको अधिनायकवादी शासन हुन्थ्यो भने के यसैगरी राजतन्त्रको तलतल लाग्थ्यो होला ? नि:सन्देह लाग्ने थिएन । यो केवल शून्य समयको तर्कना मात्रै हो ।

कतिपय मानिसलाई लाग्दो रहेछ, राजा भनेका राष्ट्रका पहरेदार हुन् । राजतन्त्रले राष्ट्र र राष्ट्रियताको संरक्षण गर्छ । तर, यथार्थ हामी सबै त्यही राजतन्त्रकालीन एकल सामुदायिक वर्चस्ववादी शासकहरूले निर्माण गरिदिएको एकल राष्ट्रियताको डिस्कोर्सको भुलभुलैयामै रुमल्लिरहेका रहेछौं । किनकि आधुनिक नेपालको शाहवंशीय राजतन्त्रले त नेपालको जातीय, भाषिक एवं सांस्कृतिक विविधतालाई समेत स्वीकार गर्न सकेको थिएन ।

यस्तो अनुपम विविधतायुक्त मुलुकमा पनि 'एक राजा एक देश, एक भाषा एक भेष' को वर्चस्ववादी भाष्य स्थापित गरिदिने तन्त्रले कसरी बहुधार्मिक, बहुसांस्कृतिक एवं बहुभाषिक मुलुकका सबैको संरक्षण गर्न सक्छ ? आखिर हामीलाई 'राजतन्त्रकालीन' डिस्कोर्सले एउटै देशभित्र धेरै राष्ट्रियताहरू हुन्छन् भन्दा जिब्रो टोक्नुपर्ने अवस्थामा पुर्‍याइदियो ।

### 'राजतन्त्र'को तलतल

पुनश्च: 'राजतन्त्र' किन त ? भन्ने प्रश्नमा आउने दुई तर्क र पात्र हुन्- पृथ्वीनारायण शाह र महेन्द्र शाह । पृथ्वीनारायण शाह को थिए, को थिएनन् ? के हुन् ? के हैनन् ? यो विषयमाथिको बहस इतिहासकारहरूलाई नै छाडिदिऊँ । यत्ति धक फुकाएर भन्न सकिन्छ कि उनी तत्कालीन समयका एक कुशल, रणनीतिक चातुर्यताले निपुण योद्धा र सूरा शासक थिए । सत्ताको उत्कट महत्वाकांक्षा बोकेका उनी वास्तवमै एक लडाकू शासक थिए । उनको त्यतिबेलाको अभियान गोर्खा राज्य विस्तार नै थियो ।

त्यसबेला गोर्खाले कमजोर राज्यकै प्रतिनिधित्व गर्दथ्यो र पृथ्वीनारायण शाहलाई गरिब र कमजोर राज्यको राजा हुनुले संभवत: पीडाबोध हुन्थ्यो । आफ्नो राज्यको त्यो बेलाको गरिबी र निम्छरो स्थितिबाट माथि उक्सिने अनेकन् उपायमध्ये उनले गोर्खा साम्राज्यको विस्तारलाई अंगीकार गरे । अनि त्यो बेलाको आवश्यकता पनि भूगोल विस्तार गर्ने नै थियो । भूगोल जोडेर ठूलो राज्य हुँदा शक्ति बढ्थ्यो । शक्ति बढेपछि प्रभाव बढ्ने नै भयो ।

'राजतन्त्र'ले कसै गरे पनि आजको चेतनाको युगको प्रतिनिधित्व गर्नै सक्दैन । आज हामी २१औं शताब्दीको दोस्रो चतुर्थांश समयमा प्रवेश गर्दैगर्दा हामीले १८औं शताब्दीको मध्ययुगीन शासनको कसरी परिकल्पना गर्न सक्छौं ? त्यसैले त्यतिबेलाका शासकहरू आफ्नो क्षमताले भ्याएसम्म राज्य विस्तारमै जोड दिन्थे । कमजोर राज्यहरूले बलियासँग सन्धि गरेर उनीहरूकै छत्रछायाँमा आफ्नो अस्तित्व धान्ने गर्दथे । अनि त्यसबेला राज्यहरूको निर्माण र विनिर्माण, विस्तार र संकुचन केवल युद्धबाटै हुन्थ्यो ।

यहाँ मात्र हैन संसारभर त्यसैगरी राज्यहरू बन्थे र भत्कन्थे । त्यसैले पृथ्वीनारायण शाहले त्यसबेला जे गर्नुपर्दथ्यो त्यही काम गरे । नेपालमा जे हुनुपर्दथ्यो त्यही भएको हो । त्यही उपक्रममा पृथ्वीनारायण शाह अब्बल प्रमाणित भए । उनले तत्कालीन गोर्खा राज्य विस्तारमा सफलता हासिल गरे । न त उनको अभियान राष्ट्रिय एकताको भावनाले नै प्रेरित थियो, न उनले त्यसरी तत्कालीन गोर्खा साम्राज्यमा गाभिएका स-साना राज्य र त्यहाँका 'रैती'हरूलाई नै मानवोचित व्यवहार गरे ।

खासमा उनको अभियानसँगै भाषा, भेष, बोली, संस्कृति इत्यादिमा 'गोर्खानाइजेसन' सुरु भयो । इतिहासकार तुलसीराम वैद्यले आफ्नो पुस्तक 'नेपाल : अ स्टडी अफ सोसियो इकोनोमिक एण्ड पोलिटिकल चेन्जेज' मा पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियानलाई 'गोर्खानाइजेसन' नाम दिएका छन् -वैद्य: १९९२) । कालान्तरमा त्यही गोर्खा राज्यलाई 'नेपालीकरण' गरियो । यसर्थ, 'राष्ट्रनिर्माताको' रूपमा पृथ्वीनारायण शाहको आवश्यकता भन्दा बढी देवत्वकरण गर्नु इतिहासकै अपव्याख्या हुन जान्छ । उतिबेलाको राज्य विस्तार कमजोर राज्यका जनतालाई सामाजिक र आर्थिक न्याय दिने उद्देश्यले होइन, आफ्ना सन्तान दरसन्तानलाई ठूलो राज्य छाडिदिन भएको हो । संयोगवश: विश्वका फरक गोलार्द्धमा एकै समय बाँचिरहेका स्कटिस अर्थशास्त्री एडम स्मिथले आफ्ना रचनामार्फत 'विश्वलाई धन आर्जन गर्ने सूत्र' सिकाउँदै गर्दा यता हाम्रा पृथ्वीनारायण शाह भने 'दरबारको ढुकुटी बलियो पार्ने' ध्याउन्नमा थिए ।

त्यसैगरी राजा महेन्द्रलाई पनि कतिपय मानिसहरू 'स्वप्न द्रष्टा' नै ठान्छन् । उनीहरू आज पनि पञ्चायतलाई स्वर्णिम कालखण्डको रूपमा व्याख्या गर्न पछि पर्दैनन् । हो, महेन्द्रले मुलुकको भौतिक विकासका लागि केही नवीन दृष्टिकोण दिएको साँचो हो । तर, त्यो पर्याप्त थिएन । अनि उनको दृष्टिकोण खोटपूर्ण थियो । किनकि उनले आफ्नो 'हावा, पानी र माटो सुहाउँदो' विकासमा 'एक सामुदायिक वर्चस्व' स्थापित गरिदिए । खासमा उनको मुख्य त्रुटि नै त्यही थियो कि उनले नेपालको जातीय, भाषिक एवं सांस्कृतिक विविधतालाई सम्बोधन गर्ने गरी आफ्नो दृष्टिकोण अगाडि सारेनन् किन्तु 'मेल्टिङ पट'को सिद्धान्त अनुरूप सबैलाई गालेर 'एक भाषा, एक भेष' मा परिणत गर्ने चेष्टा गरे । उनले गर्न खोजेको एकल वर्चस्ववादी अभ्यास त कता-कता एडोल्फ हिटलरको 'नाजीवाद'सँग पो मेल खान पुग्यो ।

यसर्थ, कथित 'पञ्चायतकालीन विकास' केवल भ्रम थियो । यो अवधिमा मुलुकलाई नै एउटै भाषा, भेष, धर्म, संस्कार र संस्कृतिमा ढाल्ने काम भयो । पाठ्यपुस्तकदेखि जनबोलीसम्ममा त्यही एकल वर्चस्ववादी भाष्य स्थापित गरियो । नत्र पञ्चायती राष्ट्रवादमा जनतालाई अधिकार सम्पन्न बनाउने कुरा कहाँ छ ? जनअधिकारका कुरा कहाँ छ ? लोकतन्त्र र मानवअधिकारको कुरा कहाँ छ ? जनताको समृद्धिको कुरा कहाँ छ ? जनताको मौलिक पहिचान स्थापित गर्ने कुरा कहाँ छ ? उनीहरूको संस्कार, परम्परा, धर्म, संस्कृतिको जगेर्ना गर्ने कुरा कहाँ छ ? जनतालाई उत्पीडनको चंगुलबाट मुक्त गराउने योजना कहाँ छ ? अनि राष्ट्रियता भनेको शासकहरूले जनताका लागि खडा गरिदिएको 'उपमा' मात्रै हो ? जसलाई उनीहरूले जीवनभर बोक्नुपर्ने ।

यसर्थ, पञ्चायत होस् वा कुनै पनि नामधारी राजतन्त्र नै किन नहोस्, यो तन्त्र आफैंमा एजेण्डाविहीन व्यवस्था हो । जनताले नचिन्ने र जनतालाई नचिन्ने व्यवस्था हो । राजतन्त्रको परिभाषामा राष्ट्र र राष्ट्रियतामा जनता हैन, शासक पर्दछन् । सार्वभौमसत्ता जनतामा हैन शासकमा अन्तरनिहित हुन्छ । कार्यकारिणी, विधायिकी र न्यायिक अधिकारको सर्जक सार्वभौम जनता र तिनका प्रतिनिधिमूलक संस्था हैन, उनै श्रीपेचधारी 'महाराज' हुनेछन् ।

यसर्थ, ज-जसलाई राजतन्त्रको तलतल लागेको छ, उनीहरूले यति बुझून् कि कम्प्युटर र स्मार्ट फोनको जमानामा टाइपराइटर र आकाशवाणी बोकेर आजको अल्गोरिदम हल गर्न सकिंदैन । झन् भोलिको जटिलताको त भेउसम्म पनि पाउन सकिने छैन । यसले नयाँ युगको आवश्यकता किमार्थ पूरा हुँदैन । त्यसैले 'राजतन्त्रको' तलतल केवल मृगमरीचिका मात्रै हो । *साभार: अनलाइनखबर*

# दुर्गा प्रसाईंको प्रदर्शनमा उत्तेजक नारा, अनियन्त्रित भीड



काठमाडौं/मेडिकल व्यवसायी दुर्गा प्रसाईं आफ्नै अगुवाईमा भएको प्रदर्शनलाई सम्बोधन गर्न त्रिवि परीक्षा नियन्त्रण कार्यालयको प्रवेशद्वार अगाडि मूल सडकमा भाषण गरिरहेका थिए । प्रसाईंको भाषण चलिरहँदा प्रदर्शनकारीको ठूलो हिस्सा भने बल्खुको मुख्य चोकमा नाराबाजी गरिरहेको थियो ।

प्रसाईंले भाषण गरिरहेकै बेला राप्रपाका नेता ज्ञानेन्द्र शाही पनि बल्खु आइपुगे । राजतन्त्रको वकालत गरिरहेको राप्रपाभित्र प्रसाईंको प्रदर्शनलाई समर्थन गर्ने विषयमा एकमत नहुँदा नहुँदै पनि शाही बल्खु पुगेका थिए । उनी पुगेसँगै केही प्रदर्शनकारी नाराबाजी गर्दै उनीसँगै भ्यानमाथि बनाइएको मञ्चमा पुगे ।

मुख्य अगुवा प्रसाईं र उस्तै समर्थक शाहीले गणतन्त्रको विरोधमा र राजतन्त्रको पक्षमा भाषण गरिरहँदा केही प्रदर्शनकारीहरूलाई मतलब नहुनु रोचक दृश्य थियो । उनीहरू आफ्ना निजी समस्याबारे नाराबाजी र छलफल गरिरहेका थिए ।

सुरक्षा निकायको विश्लेषणअनुसार बल्खुमा भएको प्रदर्शन र विभिन्न कारणले कार्यक्रम स्थल पुग्न नसकेकाहरू गरी ८ देखि १० हजार आसापासमा प्रदर्शनकारीहरू काठमाडौंमा जम्मा भएका थिए ।

प्रसाईंले 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' नाम दिएर गरेको यो प्रर्दशनमा उनका समर्थक जति उपस्थित थिए त्योभन्दा बढी राजधानीमा ठूलो प्रदर्शन हुँदैछ भनेर सुनेर आएकाहरू थिए ।

भाषणका क्रममा प्रसाईंले यसअघि विभिन्न अन्तर्वार्ता र कार्यक्रममा जस्तै अभिव्यक्ति दोहोर्‍याए । उनी आफैंले भाषणमा भने, 'मैले भन्नु पर्ने नयाँ कुरा केही छैन । तपाईंहरूले मेरा अन्तर्वार्तामा सबै सुनिरहनुभएकै छ । हो, त्यसैका विरुद्ध यो जनविद्रोह सुरु भएको छ । अब यो रोकिँदैन ।'

उनले युवालाई विदेशबाट फर्काउने, विदेशको जेलमा रहेका ७ हजार युवालाई फिर्ता बोलाउने, २० लाखभन्दा मुनिको ऋण मिनाहा गराउने लगायतका अभिव्यक्ति दोहोर्‍याए । व्यवस्था विरुद्धको आन्दोलनमा निषेधाज्ञा तोड्नैपर्ने भन्दै उनले प्रदर्शनलाई जनविद्रोहको संज्ञा दिए ।

राप्रपा नेता ज्ञानेन्द्र शाहीले १२ बुँदे सहमति विदेशमा भएको भन्दै गणतन्त्रवादी नेताहरु भारतमुखी भएको आरोप लगाए ।

आफूलाई 'सन्तोष राजावादी' नामले चिनाउने एक वक्ताले आजैबाट गणतन्त्र सकिएको भन्दै चिच्याए ।

विजय कँडेल नामका अर्का वक्ताले आफू अष्ट्रेलियाबाट देशमा केही गर्छु भनी आएको भनेर परिचय दिए । उनले स्वदेशमै केही गर्न भनि फर्केपनि गर्न नपाएको भन्दै आक्रोश व्यक्त गरे । अर्की वक्ता लक्ष्मी खड्काले प्रसाईंको अगुवाइमा भएको प्रदर्शनमा सबैले साथ दिन आग्रह गरिन् ।

प्रसाईं र शाहीलगायत अन्य केही अगुवाहरूले भाषण गरि नसक्दै प्रदर्शनकारीहरूको एउटा समूहले बल्खुबाट कालिकामाटीतर्फ जानका लागि प्रयास गर्‍यो । गृहमन्त्रालयले प्रदर्शनका लागि तोकेको क्षेत्र तोडेर अगाडि बढ्न खोजेपछि सुरक्षाकर्मीले भीडलाई रोक्न खोज्यो । अनियन्त्रित भिडले रोकिन मानेन । जबर्जस्ती अगाडि बढ्न खोजेपछि प्रहरीले अश्रु ग्याँस र पानीको फोहोरा प्रयोग गरेर तितर बितर बनायो ।

प्रदर्शनकारीहरू मध्यान्ह १२ बजे नै बल्खु पुगिसकेका थिए । त्यहीबेला एमालेको युवा संघले निकालेको मोटरसाइकल ¥याली कालिमाटीबाट बल्खु हुँदै तीनकुनेतर्फ निस्किन खोज्दा ढुंगा हानाहानको अवस्था सिर्जना भएको थियो ।

पहिलोपटक युवासंघसँग र दोस्रोपटक सुरक्षाकर्मीसँग प्रदर्शनकारीको झडप भयो । प्रारम्भमा बल्खु चोकबाट पश्चिमतिर प्रर्दशनकारी केन्द्रित थिए । प्रसाईंको भाषण गर्ने कार्यक्रम सकिएपछि र प्रहरीसँग झडप भएपछि प्रदर्शनकारीहरू तितरबितर भएर सानेपातिर केन्द्रित भए ।

प्रर्दशनकारीले गणतन्त्रको विरोध र राजतन्त्रको पक्षमा उत्तेजक नाराबाजी गरे । केहीले सुरक्षा घेरा तोडेर सिंहदरबार कब्जा गर्न जानुपर्ने भनिरहेका थिए त केहीले 'शान्तिपूर्ण आन्दोलन' भएको भन्दै नियन्त्रित हुन आग्रह गरिरहेका थिए ।

मञ्च बनाइएको भ्यानमा चढेर बोल्न पनि तछाडमछाड चलिरहेको थियो । केहीले आफूलाई राजावादी भनिरहेका थिए भने केहीले बैंक, लघुवित्त र सहकारीबाट लिएको ऋणका पीडित भएको दावी गरिरहेका थिए । गेरुवस्त्रसमेत पहिरिएर आएका कतिपयले आफूलाई हिन्दुवादी भएको दावी गर्दै चर्का नारा समेत लगाए ।

उनीहरूलाई प्रहरीले कालीमाटीतर्फ अघि बढ्न नदिएपछि केही प्रदर्शनकारीहरू प्रहरीसँग मुकाबिला गर्न पूर्वतयारी नपुगेको बताइरहेका थिए । 'घरको छत छतमा ढुंगा थुपार्नुपर्ने थियो, तयारी भएन', सुरक्षाकर्मीको निषेधाज्ञा तोड्ने कोशिस गरिरहेका उनीहरू भनिरहेका थिए ।

राजावादी संगठन रोयल टाइगर फोर्स (आरटीएफ) र शाही युवा शक्ति नामका संगठन आफ्नो पहिचान देखिने ज्याकेट र टिसर्टमा उपस्थित थिए । आन्दोलनका कारण बल्खु आसपासका अधिकांश पसलहरू र चक्रपथमा गाडी दिनभरजसो बन्द रहे । *(स्रोत: अनलाइनखबर)*

# 'दिमाग खराब'ले उठाएको ५० प्रतिशत सेयरको विषयमा सहमति



काठमाडौं/कात्तिक २४ गतेबाट प्रदर्शन भएको फिल्म 'दिमाग खराब'का निर्देशक निश्चल बस्नेत र निर्माता रौनक विक्रम कडेलले फिल्म हलमा चलुन्जेल ५० प्रतिशत सेयर पाउनुपर्ने भन्दै उठाएको मागमा प्रदर्शक र वितरकको संस्था नेपाल चलचित्र संघ सहमत भएको छ । अब नेपाली फिल्मले हलमा प्रदर्शन हुञ्जेल ५० प्रतिशत सेयर पाउनेछन् । यसले नेपाली निर्मातालाई ठूलो राहत हुने देखिएको छ ।

यसअघि प्रदर्शनको पहिलो र दोस्रो हप्ता प्रदर्शक र निर्माताले ५०/५० प्रतिशत सेयर बाँडफाँड गर्थे । तर, तेस्रो हप्तादेखि निर्माताले जम्मा ३५ प्रतिशत र प्रदर्शकले ६५ प्रतिशत सेयर पाउँथे । जसले गर्दा राम्रो व्यापार गर्ने फिल्मका निर्मातालाई ठूलो मार पर्ने गरेको थियो । 'दिमाग खराब'का निर्माताले फिल्म हलमा चलुन्जेल ५० प्रतिशत सेयर नपाए प्रदर्शन नै स्थगित गर्ने चेतावनी दिएका थिए ।

यसपछि संघले फिल्मका निर्मातासँगै चलचित्र निर्माता संघसँग सेयर बाँडफाँडको विषयमा छलफल गर्न वार्ता टोली नै गठन गरेको थियो । तीन दिन लामो छलफलपछि नेपाली फिल्मलाई ५० प्रतिशत सेयर दिने विषयमा सहमति जुटेको हो । सेयर बाँडफाँडको विषयमा सहमति जुटेसँगै अब 'दिमाग खराब'को प्रदर्शन यथावत् रहने भएको छ । अहिले यो फिल्मले राम्रो कमाई गरि रहेको छ ।

सेयर बाँडफाँडसँगै हलमा ट्रेलर तथा पोस्टर आदि प्रचार सामाग्रीको प्रयोगको विषयमा पनि चलचित्र संघ र निर्माता संघबीच विशेष सहमति भएको जनाइएको छ । दुई संस्थाबीच सहमति पत्रमा हस्ताक्षर समेत भएको छ ।

चलचित्र संघ र निर्माता संघबीच सेयर बाँडफाँड, हलमा ट्रेलरको प्रयोग आदि विषयमा लामो समयदेखि रस्साकस्सी चल्दै आएको थियो । अब त्यसको अन्त्य भएको छ । *(स्रोत: फिल्मीखबर)*

# दिनेश राउतले फिल्म 'पुजार सार्की' बनाउने



काठमाडौं/'प्रकाश' फेम्ड निर्देशक दिनेश राउतले आफ्नो सातौं फिल्मको घोषणा गरेका छन् । उनले बिहीबार फेसबुकमार्फत् 'पुजार सार्की' शीर्षकमा फिल्म निर्माणको घोषणा गरेका हुन् । वास्तविक कथा र पात्रबाट प्रभावित भएर निर्माण हुन लागेको फिल्मको छायांकन आगामी माघ महिनाको पहिलो साताबाट सुरु हुने जानकारी गराइएको छ । फिल्मको सम्पूर्ण छायांकन पश्चिम नेपालमा गरिनेछ ।

संगीतकार समेत रहेका सुभाष भुषालको निर्माण रहने फिल्मका लेखक विकास सुवेदी हुन् । निर्देशक राउत र लेखक सुवेदीबीच यसअघि 'प्रकाश'मा सहकार्य भएको थियो । किङ्गडम नेटवर्कको प्रस्तुति रहने फिल्मको देशभर वितरण आरआर फिल्म्सले गर्नेछ । फिल्मका लागि मुख्य भूमिकामा एकजना अभिनेता अनुबन्धित भैसकेका छन् । तर, निर्माण टिमले नाम सार्वजनिक गरेको छैन ।

'प्रकाश'पछि निर्देशक राउत गायक स्वप्न सुमन र गायिका दिक्षिता कार्कीलाई लिएर एक लभस्टोरी फिल्म बनाउने तयारीमा थिए । तर, विभिन्न कारणले यो फिल्मको निर्माण धकेलिएको छ । उनको पाइपलाइनमा अभिनेताद्वय प्रदीप खड्का र आर्यन सिग्देलको एक फिल्मसँगै अभिनेता पल शाहको फिल्म पनि छ । 'पुजार सार्की'पछि उनले यी तीन फिल्ममध्ये एकको छायांकन सुरु गर्नेछन् ।

# तीनकुनेबाट एमाले युवा विद्यार्थीको खबरदारी, प्रचण्ड नसच्चिए अझै ठूलो आन्दोलन



काठमाडौं/नेकपा एमालेको युवा विद्यार्थीहरुले बिहीबार काठमाडौंको तीनकुनेमा प्रदर्शन गरे । नेपाल राष्ट्रिय युवा संगठन र अनेरास्ववियुको आयोजनामा भएको उक्त कार्यक्रमलाई एमालेले युवा विद्यार्थी विशेष कार्यक्रम भनेको छ ।

प्रदर्शनमा एमालेले प्रधानमन्त्री र सरकारको कामकार बाहीमाथि प्रश्न उठाएको थियो । त्यस्तै मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले गरेको कैद छुटको पनि विरोध गरेका थिए । प्रदर्शनपछि सम्बोधन गर्दै एमाले पोलिट्ब्यूरो सदस्य तथा युवा संघका इन्चार्ज महेश बस्नेतले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बेलैमा सच्चिन आग्रह गरे ।

'प्रचण्ड बेलैमा नसच्चिए सिंहदरबारको कुर्सीबाट ल्याएर माइतीघर कि तीनकुनेमा पछार्ने तागत एमालेको युवा विद्यार्थीसँग छ', उनले भने । नेता बस्नेतले सरकारविरुद्ध अब सातै प्रदेशमा विरोध कार्यक्रम गर्ने पनि बताए । 'पार्टीले मध्यपहाडी लोकमार्ग केन्द्रित कार्यक्रम सकेपछि फागुनमा काठमाडौंमा मानव सागर उतार्ने सम्भावना छ', उनले भने ।

बस्नेतले गणतन्त्रमाथि औंलो ठड्याउनेलाई एमालेले ठीक पार्ने पनि बताए । 'संघीय गणतन्त्रको विषयमा, यो व्यवस्थाको विषयमा, राजतन्त्र पक्षमा कसैले औंलो ठड्याउन थाले ठीक पार्न एमाले तयार छ, केपी ओलीको आदेश आइसकेको छ', उनले भने ।

पछिल्लो समय सामाजिक सञ्जालमार्फत नेकपा एमालेलाई हिलो छ्यापेर देशमा अस्थिरता पैदा गर्न खोजेको पनि टिप्पणी गरे ।

**बालेन र रविप्रति आक्रोश**

नेता बस्नेतले एमाले सिध्याउन रवि लामिछाने र बालेन शाह प्रयोग भएको टिप्पणीसमेत गरे । 'एमालेलाई सकाउनको लागि बालेनहरुलाई परिचालित गरियो, रविहरुलाई परिचालित गरियो । हामीले यी सिंगानेहरुले मुलुक बनाउँदैनन् भनेर भन्दा हामीलाई लखेटियो', उनले भने ।

बालेनकै कारण काठमाडौंमा ६० प्रतिशत सटर बन्द भएको भन्दै बस्नतेले काठमाडौं बस्न अयोग्य हुँदै गएको बताए । बालेन र रविलाई प्रयोग गर्दा नसकेपछि देशलाई प्रयोगशाला बनाउन खोज्नेहरुले दुर्गा प्रसाईंलाई प्रयोग गरेको बस्नेतको जिकिर छ ।

**एमाले सत्तामा नहुँदा व्यवस्था माथि प्रश्न उठ्यो**

नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा जनवर्गीय संगठनका इन्चार्ज भानुभक्त ढकालले सत्तामा एमाले नहुँदा व्यवस्था माथि प्रश्न उठेको बताए ।

'अहिले जनतामा संघीयता हार्छ कि, धर्मनिरपेक्षता हार्छ कि, गणतन्त्र माथि नै प्रश्न उठ्छ कि डर रहेको छ । यसरी किन सोच्दैछन् भन्दा नेकपा एमाले सत्तामा नरहेको कारणले हो', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# वैदेशिक व्यापार निरन्तर घट्दै

काठमाडौं/चालु आर्थिक वर्ष (आव) को सुरुवाती महिनादेखि सुरु भएको वैदेशिक व्यापारको ओरालो यात्राले चौथो महिना (कात्तिक)मा समेत निरन्तरता पाएको छ ।

भन्सार विभागका अनुसार यस वर्षको पहिलो चौमासिक अवधि (साउन-कात्तिक)मा ५ खर्ब १२ अर्ब ५० करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा ३.७९ प्रतिशत कम हो । सो आवमा ५ खर्ब ३२ अर्ब ६९ करोड रुपैयाँको वस्तु आयात भएको थियो ।

आयात हुने वस्तुमध्ये पेट्रोलियम पदार्थको आयात मात्र १० अर्ब रुपैयाँ कम आयात भएको छ । यसो हुनुमा सवारी साधनमा विद्युतीय माध्यमको प्रयोग बढ्नु हो । अर्कोतर्फ आन्तरिक अर्थतन्त्र सुस्ताएका कारण बजारमा माग बढ्न सकेको छैन । यसले उपयोग घटाउँदा समेत आयात खुम्चिरहेको छ ।

सरोकारवालाका अनुसार अहिले बजारमा 'आम कन्फिडेन्स' बढ्न नसक्दा अर्थतन्त्रमै त्यसको प्रभाव देखिएको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल अर्थतन्त्रमा देखिएको यो प्रभाव साना व्यवसायीबाट सुरु भएको बताउँछन् । अहिले यो विस्तार भएर बैंक तथा वित्तीय संस्थासम्म पुगिसकेको उनको भनाइ छ । विद्यमान प्रणालीमा प्रभाव नपर्ने गरी सरकारले गिरेको आत्मविश्वास बढाउन काम गर्नुपर्ने उनी बताउँछन् ।

तथ्यांक अनुसार पहिलो चौमासम्म निर्यात व्यापार समेत खस्किएको छ । यस अवधिमा मात्र ५० अर्ब ५६ करोड रुपैयाँ बराबरको मात्र वस्तु निर्यात भएको छ । यो अघिल्लो आवको तुलनामा ७.६८ प्रतिशत कम हो । अघिल्लो आवको यसै अवधिमा ५४ अर्ब ७७ करोड रुपैयाँको वस्तु निर्यात भएको थियो ।

आयात र निर्यात दुवै घट्दा समग्र वैदेशिक व्यापारको आकार समेत खुम्चिएको छ । तथ्यांक अनुसार चार महिनामा कुल ५ खर्ब ६३ अर्ब ६ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा ४.१५ प्रतिशत कम हो । गत आवको यसै अवधिमा वैदेशिक व्यापारको आकार ५ खर्ब ८७ अर्ब ४६ करोड रुपैयाँ थियो ।

यस अवधिमा व्यापार घाटा ४ खर्ब ६१ अर्ब ९३ करोड रुपैयाँ बराबरको भएको छ । यो गत आवको तुलनामा ३.३४ प्रतिशत हो । गत आवको पहिलो चौमासमा ४ खर्ब ७७ अर्ब ९१ करोड रुपैयाँ बराबरको व्यापार घाटा थियो । वैदेशिक व्यापारमा आयातको हिस्सा ९१.२ र निर्यातको हिस्सा ८.९८ प्रतिशत रहेको छ ।

**पेट्रोलियम पदार्थको आयात १० अर्बले खुम्चियो**

भन्सार विभागको तथ्यांक अनुसार चार महिनामा पेट्रोलियम पदार्थको आयात मात्र १० अर्ब रुपैयाँले कम भएको छ । यस अवधिमा पेट्रोलियम पदार्थ आयातमा ९८ अर्ब ८ करोड रुपैयाँ विदेशिएको छ ।

गत आव यसै अवधिमा १ खर्ब ८ अर्ब ५९ करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थको आयात भएको थियो । आइरन तथा स्टीलको आयातमा ४३ अर्ब रुपैयाँ विदेशिएको छ । चार महिनामा २३ अर्ब ८१ करोड मूल्यका सवारी साधन आयात भएका छन् । तरकारीजन्य वस्तुको आयातमा ११ अर्ब ८७ करोड रुपैयाँ विदेशिएको भन्सार विभागले जनाएको छ ।

**चीनमा बढ्न सकेन निर्यात**

मुलुकअनुसार भारतसँग नेपालको सबैभन्दा ठूलो व्यापार छ । भारतसँग ३ खर्ब १४ अर्बको आयात हुँदा ३३ अर्ब रुपैयाँ बराबरको निर्यात देखिन्छ । व्यापार घाटा २ खर्ब ८१ अर्ब रुपैयाँ रहेको छ । चीनतर्फ भने निर्यात अझै बढ्न सकेको छैन ।

# 'उपहार' गीत हिट कि फ्लप ?



काठमाडौं/फिल्मको चर्चादेखि व्यापारसम्म गीतले ठूलो अर्थ राख्छ । गीत लोकप्रिय हुँदा फिल्मको राम्रो हाइप निर्माण हुन्छ भने केही हदसम्म हलको व्यापारमा पनि फाइदा पुग्छ । यसैले नेपाली मेकरहरुले गीत छनोटमा विशेष ध्यान दिने गरेका छन् । र, भिडियो निर्माणमा पनि कुनै चीजमा 'कञ्जुसाइँ' गर्दैनन् । अहिलेको अवस्थामा एउटा गीतको अडियो र भिडियोमा मात्र १० लाख बढी खर्च हुने गर्छ ।

आगामी फागुन २५ गतेदेखि प्रदर्शन हुन लागेको ज्ञानेन्द्र देउजा निर्देशित फिल्म 'उपहार'को 'वाह् वाह् वाह्' गीतमा पनि राम्रो खर्च गरिएको छ । तर, के खर्चअनुसार गीतले लोकप्रियता हासिल गर्न सक्यो त ? फिल्म प्रदर्शनको झण्डै साढे ३ महिना अगाडि गीत सार्वजनिक गरिएको थियो । विशेषगरि, तिहारलाई मध्यनजर गरेर । तर, तिहारमा यो गीत उत्तिधेरै प्राथमिकतामा परेको देखिएन ।

प्रतिबन्ध हुनुभन्दा अघि कति गीतहरु टिकटक एपमा चल्ने गरेका थिए । तर, 'उपहार'को गीत टिकटकमा समेत खासै चल्न सकेन । युट्युबमा भने गीतले सन्तोषजक भ्यूज पाएको छ । २ हप्तामा गीतलाई २० लाख बढीले हेरेका छन् । स्टारकास्टको हिसाबले यो अंक औसत हो । तर, पछिल्लो समय युट्युबको भ्यूज प्रभावित भएको अवस्था छ । चलेका गीतको पनि युट्युब भ्यूज कमजोर छ ।

चर्चाको मुल्यांकनमा 'उपहार'को गीत हिट हुनबाट चुकेको छ । तर, सुखद् युट्युब भ्यूजले फ्लप हुनबाट पनि बचेको छ । समग्रमा गीत औसत चलेको छ । अब यसले फिल्मको व्यापारमा कति फाइदा पुग्छ, त्यो हेर्न बाँकी छ ।

गीतमा रेखा थापा, मुकुन भुषाल, पूजा शर्मा, समर्पण जंग कार्की, बेनिशा हमाल र तेज गिरी फिचर्ड छन् । यो फिल्मलाई रेखाको स्टारडमको परीक्षा भनिएको छ ।

# चितवनमा वनभित्र होटल बनाउन दिएको आरोपमा १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/सामुदायिक वनभित्र होटल निर्माण गर्न अनुमति दिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चितवन राष्ट्रिय निकुञ्ज, खैरहनी नगरपालिका र विभिन्न सामुदायिक वन समूहका पदाधिकारी विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अखितयारले चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत, चितवनको खैरहनी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत र इञ्जिनियर तथा विभिन्न सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

उनीहरुमाथि बजेटको दुरुपयोग गरी निकुञ्जभित्रको वन क्षेत्रमा कंक्रिट मचान निर्माण गरेको, पक्की होटल र भवन निर्माण गरेको काठ काटेको लगायतको आरोप छ ।

अख्तियारले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहाका तत्कालिन सहायक संरक्षण अधिकृत अभिनय पाठक, खैरहनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम शर्मा, इञ्जिनियर राजेश कोइराला र सव इञ्जिनियर सुमन श्रेष्ठमाथि ३१ लाख ५९ हजार बिगो मागदावी गर्दै भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष हिराबहादुर गुरुङमाथि एक करोड १९ लाख रुपैयाँ विगो मागदावी छ । कुमरोम सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष शम्भु जिसीमाथि ८९ लाख रुपैयाँ बिगो मागदाबी छ । त्यही समूहका अर्को कालकालका अध्यक्ष गणेशकुमार श्रेष्ठ र कोषाध्यक्ष उज्जल बर्तौलामाथि १३ लाख ३१ हजार रुपैयाँ बिगो मागदाबी गरेको छ ।

त्यस्तै बुढीराप्ती उपभोक्ता समितिका अध्यक्ष नारायणदत्त तिमिल्सिना र कोषाध्यक्ष सोमराज कडरियाविरुद्ध ७८ हजार रुपैयाँ विगो मागदाबी छ । कंक्रिट मचान निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष सीता दाहाल र सचिव कल्याण लटौलाविरुद्ध ३५ लाख ५० हजार रुपैयाँ विगो मागदावी सहित अखितयारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
**१० नं. वडा कार्यालय परिवार**

# दुग्ध सहकारी संघहरुले प्रदेश कृषिमन्त्रीलाई बुझाए ज्ञापनपत्र

साझाकुरा संवाददाता



हेटौंडा, ७ मंसिर/ बागमती प्रदेश अन्तरगतका जिल्ला दुग्ध सहकारी संघका प्रतिनिधिहरुले कृषकको समस्यालाई समाधान गर्न बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्री डा.राजेन्द्रमान श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका छन् ।

मकवानपुर जिल्ला दुग्ध सहकारी संघको नेतृत्वमा वर्तमान समयमा भएको दुग्धजन्यपदार्थको बिक्रीमा आएको समस्या समाधानको गर्न आग्रह गर्दै बिभिन्न माग सहित ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्रमा बागमती प्रदेशका कृषकमा दुग्ध उत्पादन क्षेत्रमा उत्साह बढेसँगै दुग्ध उत्पादनमा उल्लेख्य वृद्धि भई, सिंगो देशलाई दुग्धमा आत्मनिर्भर बनाउन सहयोग पुग्नुका साथै किसानमा उत्साह देखिएको र यो उत्साह कायम राखी मुलुकलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन उत्पादित दुग्ध तथा दुग्धजन्यपदार्थ बिक्रीमा राज्यको महत्वपूर्ण भूमिका हुनुपर्ने उल्लेख गरिएको छ ।

तर, राज्य कृषकको समस्या समाधानतर्फ केन्द्रीत नभएकोले कृषकमा छाएको निराशा हटाउन बागमती प्रदेश सरकारसमक्ष किसानका तर्फबाट उठाइएका बिभिन्न मागहरु समाधान गर्न ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराइएको छ । ज्ञापनपत्रमा उपादित दुग्धजन्यपदार्थको बजारिकरण सुनिश्चित गर्नुपर्ने, नियमित भुक्तानीको ब्यवस्था मिलाउनुपर्ने, उत्पादनमा आधारित अनुदान विगत भन्दा कम नहुने गरी व्यवस्था गर्नुपर्ने, साथै उल्लेखित दोहोरोपन भन्ने शब्द हटाउनुपर्ने, दुग्ध उत्पादक किसान र सहकारीका आवश्यक्ताका आधारमा अनुदानको ब्यवस्था गर्नुपर्ने, दुग्ध उत्पादक सहकारी संघहरु र प्रदेश सरकार एवं सम्बन्धित मन्त्रालय बीच त्रैमासिक रुपमा छलफल, अन्तरक्रिया गरी समस्या पहिचान र समाधान गर्नुपर्ने लगायतका माग अघि सारिएको छ ।

कृषकको मागको संबोधन गर्नेतर्फ आफ्नो ध्यान गएको र छिट्टै प्रदेश सरकारको लगानीमा हेटौंडा-१० मा निर्माण हुँदै गरेको पाउडर प्लान्ट तयार भएपछि दुग्ध क्षेत्रमा आउने समस्या समाधान हुने बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. श्रेष्ठले बताए ।

ज्ञापनपत्र बुझाउने क्रममा मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेल, चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगाले, सिन्धुली जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष नवराज गजुरेल, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष अर्जुन देवकोटा, सहायक ब्यवस्थापक दामोदर अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुरगढीमा राष्ट्रियगान गाएर सेवा प्रवाह सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ मकवानपुरगढी गाउँपालिका कार्यालयले कार्यालयबाट प्रवाह गरिने सेवा दिनुभन्दा अगाडि राष्ट्रियगान गाएर सेवा शुभारम्भ गर्ने गरेको छ । गाउँपालिका कार्यालयले मंसिर १ गतेदेखि बिहान १० बजे सबै कर्मचारीलाई कार्यालयको प्राङ्गणमा उभ्याई राष्ट्रियगान गाउन लगाएर काम सुरु गरेको हो ।

कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी बनाई नियमित समयमै कार्यालयमा उपस्थित गराउनका लागि प्रत्येक दिन बिहान १० बजे राष्ट्रियगान गाउने र लगत्तै सेवाग्राहीको काम गर्ने उद्देश्यले कार्यक्रमको थालनी गरिएको गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले बताए ।

गाउँपालिका अध्यक्ष स्याङ्तानल भने-'यस प्रक्रियाले कर्मचारीमा समेत राष्ट्रप्रतिको समर्पणको भाव, राष्ट्रप्रतिको अपनत्वको भावको समेत विकास भई, लगनशीलता, काम गर्ने हौसलाका साथै कर्मचारी समयमै कार्यालयमा हाजिर हुने बानीको समेत विकास हुन्छ।' उनले यस कार्यलाई निरन्तरता दिइने बताउँदै यसले कर्मचारी र सेवाग्राही दुवैपक्षलाई अनुशासित हुन टेवा पुग्ने विश्वास रहेको समेत बताए ।

विगतमा कर्मचारी समयमा कार्यालयमा उपस्थित नहुने गरेको सेवाग्राहीले गुनासो गरेका थिए । कर्मचारी आफ्नो समयमा उपस्थित भए सेवा प्रवाह छिटो छरितो भरपर्दो हुने सेवाग्राहीको भनाइ छ । अहिले कार्यालयले ईहाजिरीको पनि ब्यबस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीले जानकारी दिए ।

# थाहा फिल्म फेस्टिबलमा देखाइने उत्तरीक्षेत्रको वृत्तचित्र तयार




साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ थाहा कला केन्द्रले आगामी ९ मंसिर देखि १४ मंसिरसम्म सञ्चालन हुने थाहा फिल्म फेस्टिभलमा प्रदर्शनी गर्न थाहा वृत्तचित्र निर्माण गरेको छ । थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रलाई समेटेर वृत्तचित्र निर्माण गरिएको हो । करिब ३६ मिनेट लामो वृत्तचित्रमा चित्लाङ, बज्रबाराही, टिस्टुङ, आग्रा, दामन र पालुङका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक विषयलाई समेटिएको कला केन्द्रका सञ्चालक सानोबाबु मोक्तानले जानकारी दिए ।

मोक्तानकै निर्देशनमा बनेको वृत्तचित्रको लेखक कुमार नेगी रहेका छन् । स्क्रिप्ट लेखक नेगीका अनुसार थाहानगर कहाँबाट आउने, कहाँ आउने, कसरी आउने, कुन बाटो आउने, कहाँ बस्ने, केके खान पाइने, कहाँ घुम्न सकिने, किन घुम्ने ? लगायत समग्र जानकारी एउटै वृत्तचित्रबाट पाउन सकिने गरी स्कृप्ट तयार गरिएको छ । 'सकेसम्म नगरका सबै वडा र भेगका पर्यटकीयस्थलको धेरथोर वर्णन गरिएको, थाहानगरकै बासिन्दाको लागि पनि आफ्नो नगर चिन्न मद्दत पुग्छ,' नेगीले भने ।

वृत्तचित्रमा सुरुमा थाहानगरको समग्र पर्यटकीय महत्व दर्शाइएको छ भने क्रमश: थानकोट-चन्द्रागिरी-चित्लाङ हुँदै थाहानगर प्रवेश गर्न सकिने गरी वर्णन गरिएको छ । त्यसपछि क्रमश: टिस्टुङ, आग्रा, दामन, पालुङ र बज्रवाराही क्षेत्र पुऱ्याइएको छ । बाइरोडको बाटो हुँदै थाहानगर आउन सकिने गरी पनि वर्णन गरिएको छ । 'वृत्तचित्र हेर्दैगर्दा एक जना दर्शक क्रमश: थाहानगर घुमघाम गरिरहेको भान हुनेगरी स्कृप्ट तयार पारिएको छ, बाँकी त वृत्तचित्र नै हेर्नुपर्छ' नेगीले भने ।

वृत्तचित्रका लागि ड्रोनबाट समेत दृश्य छायांकन गरिएको थियो । प्रमोद जोशी रराजीवकुमार स्याङ्तानको परिकल्पना, निश्चल शाक्यको व्यवस्थापन, गंगा राई र भीम तामाङको छायाँकन तथा सुनिता राईको स्वरमा वृत्तचित्र निर्माण तयार भएको कला केन्द्रका सञ्चालक मोक्तानले जानकारी दिए । वृत्तचित्रको पहिलो प्रदर्शनी ९ मंसिरमा थाहा फिल्म फेस्टिभलको उद्घाटन लगत्तै हुने आयोजकले जानकारी दिएको छ । प्रदर्शनी पालुङ जेसीजको हलमा हुनेछ ।

# ४ महिनामा साढे १२ अर्ब रुपैयाँको विद्युत् निर्यात



काठमाडौं, ७ मंसिर/ नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो चार महिनामा साढे १२ अर्ब रुपैयाँको विद्युत् भारततर्फ निर्यात गरेको छ । प्राधिकरणले चालु आवका साउन, भदौ, असोज र कात्तिकमा १ अर्ब ३६ करोड १२ लाख युनिट विद्युत् निर्यात गरी १२ अर्ब ५० करोड ८ लाख रुपैयाँ आर्जन गरेको छ ।

विद्युत् निर्यात गत आव २०७९/८० को सोही अवधिको तुलनामा ४ अर्ब ८६ करोड ४४ लाख रुपैयाँले बढी हो । गत आवको पहिलो चार महिनामा ९८ करोड ३८ लाख युनिट विद्युत् निर्यात गरी ७ अर्ब ६३ करोड ६४ लाख रुपैयाँ आर्जन गरिएको थियो ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यस वर्ष गत २८ जेठदेखि भारतीय बजारमा बिक्री सुरु गरेको थियो । गत जेठदेखि कात्तिकसम्ममा १ अर्ब ६२ करोड १६ लाख युनिट विद्युत् निर्यात गरी १४ अर्ब ५० करोड २१ लाख रुपैयाँ आर्जन भएको छ ।

प्राधिकरणले साउनमा २ अर्ब १४ करोड ७६ लाख, भदौमा ३ अर्ब ४७ करोड ८५ लाख, असोजमा ४ अर्ब १७ करोड ७७ लाख र कात्तिकमा २ अर्ब ६९ करोड ७० लाख रुपैयाँको विद्युत् निर्यात गरेको छ । चार महिनाको समग्र औसत विद्युत् बिक्री दर प्रति युनिट ९ रुपैयाँ १८ पैसा छ । गत वर्ष सोही अवधिको समग्र औसत बिक्री दर प्रति युनिट ७ रुपैयाँ ७६ पैसा थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चार महिनाको अवधिमा विद्युत् निर्यातबाट ७ अर्ब ८४ करोड ८० लाख भारतीय रुपैयाँ आर्जन भएकाले यसबाट देशको विदेशी मुद्रा सञ्चिती र नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको बताए ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आईएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम ली-एनभीभीएनलाई बिक्री गरिरहेको छ । एनभीभीएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिश्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै ५२२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ । नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगावाट र एनभीभीएनलाई ११० मेगावाट गरी ६३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ । यसमध्ये ५६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर ४०० केभी अन्तरदेशीय प्रसारणलाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ ।

# चित्लाङस्थित प्रविधि विश्व विद्यालयको उपाध्यक्षमा जोशी



साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/मदन भण्डारी विज्ञान तथा प्रविधि विश्व विद्यालयको आर्थिक र प्रशासनिक क्षेत्रको उपाध्यक्षमा पदमसुन्दर जोशी नियुक्त भएका छन् ।

अन्तर्राष्ट्रिय छनोट प्रक्रियाका आधारमा जर्मनीको विश्व विद्यालयबाट रिसोर्स इन्जिनियरिङमा स्नातकोत्तर गरेका जोशीलाई संरक्षक समितिको निर्णयबाट यही मङ्सिर १ गतेदेखि लागू हुनेगरी नियुक्त गरिएको विश्वविद्यालयले जनाएको छ । उनले यसअघि बासस्थानसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकायका नेपाल प्रतिनिधि र त्रिभुवन विश्वविद्यालयको इञ्जिनियरिङ अध्ययन संस्थानका सहप्राध्यापक भइसकेका छन् ।

स्वायत्त र मौलिक प्रकृतिको नयाँ विश्वविद्यालयका कुलपति, उपकुलपति नभई अध्यक्ष, उपाध्यक्ष र संरक्षक समितिको कानुनी प्रबन्ध गरिएको छ । मकवानपुरको थाहा नगरपालिका-९, चित्लाङस्थित सात सय ४० रोपनी जग्गामा स्थापित विश्वद्यालयका अध्यक्ष डा. राजेन्द्रध्वज जोशी रहेका छन् ।

विश्वविद्यालयले नेपालमै पहिलोपटक विश्वस्तको अनुसन्धानमूलक शिक्षा दिने गरी स्नातकोत्तर र विद्यावारिधि तहमा यसै वर्षदेखि शिक्षण सुरु गरेको छ ।

विश्वविद्यालयले ती तहमा फरेष्ट बायोमेटेरियल्स साइन्स एण्ड इञ्जिनीयरिङ, अर्ग्यानिक एग्रिकल्चर एण्ड फुड, डिजिटल टेक्नोलोजी, टुरिजम साइन्स एण्ड इञ्जिनीयरिङ, डेटा साइन्स विषयमा पढाउन थालेको छ । विश्वविद्यालयले हाल सुविधा सम्पन्न प्रयोगशाला सहित चारवटा बहुद्देश्यीय भवन निर्माण गरिसकेको छ ।

# मकवानपुरमा सबैभन्दा बढी कर तिर्ने ५ करदाता सम्मानीत

साझाकुरा संवाददाता



हेटौंडा, ७ मंसिर/ आन्तरिक राजस्व कार्यालय हेटौंडाले राष्ट्रिय कर सप्ताहको अवसरमा मकवानपुरका पाँच जना करदातालाई सम्मान गरेको छ ।

सबैभन्दा बढी कर तिर्नेमा शैक्षिक संस्थातर्फ हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेन्स प्रालि, उद्योगतर्फ प्याक्ट ग्रुप क्लोजर सिस्टम नेपाल प्रा.लि, सेवा निर्माण तर्फ विपिआर कन्स्ट्रक्सन प्रालि, व्यापारतर्फ सिंह एण्ड ब्रदर्श र वित्तीय संस्थामा पालुङ बहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान गरेको हो ।

हेटौंडा स्कुल अफ म्यानेजमेन्टले ४३ लाख ७७ हजार ९२५ रुपैयाँ, प्याक्ट ग्रुप क्लोजर सिस्टम नेपाल प्रालिले एक करोड ९ लाख ८० हजार ६४८ रुपैयाँ, विपिआर कन्स्ट्रक्सन प्रालिले ५४ लाख ७२ हजार ६३९ रुपैयाँ, सिंह एण्ड ब्रदर्शले २९ लाख ९० हजार ५९३ रुपैयाँ र पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले २५ लाख १ हजार ९५९ रुपैयाँ राजस्व दाखिला गरेको कार्यालयले जनाएको छ । हरेक वर्ष कर दिवसको अवसरमा कर कार्यालयले सबैभन्दा बढी कर बुझाउने करदातालाई सम्मान गर्दै आएको छ ।

दिवसका अवसरमा कार्यालयका उत्कृष्ट कर्मचारी नायवसुव्वा जनक ढकाललाई सम्मान र शुभलक्ष्मी लामालाई कार्यालयले प्रशंसापत्र प्रदान गरेको छ । आन्तरिक राजस्व कार्यालयका करअधिकृत तुलसीप्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रमुखसचिव घनश्याम उपाध्यायको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मकवापुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल लगायतको आतिथ्यता रहेको थियो ।

# मामाघर नेपाललाई खाद्यान्न सहयोग

हेटौंडा, ७ मंसिर/ मामाघर नेपाललाई नेकपाद्वारा तीन बोरा धान र एक बोरा चामल खाद्यान्न सहयोग उपलब्ध गराइएको छ । १० औं पार्टी पुनर्गठन दिवसको अवसर पारेर नेकपाले सहयोग गरेको हो ।

नेपाल कम्युनिस्ट पार्टीको १० औं पार्टी पुनर्गठन दिवसको अबसरमा मंसिर ८ गतेको पूर्वसन्ध्यामा नेकपाले संयुक्त रुपमा धान र चामल सहयोग गरेको हो । नेकपा नारायणी व्युरो स्तरीय उत्पादन क्षेत्र दरदरामा उत्पादन भएको तीन बोरा धान र अखिल (क्रान्तिकारी) मकवानपुरको आयोजनामा खेलिएको देउसीभैलोबाट संकलन भएको १ बोरा चामल मामाघर नेपाललाई सहयोगस्वरुप हस्तान्तरण गरेको हो । हेटौंडा-११, डाङ्डुङेमा अवस्थित मामाघर नेपालले विविध कारणले बाध्यताबस सडकमा आइपुगेका पूर्वसडक बालकको संरक्षण गरिरहेको छ ।

# नगर क्षेत्रमा सहकारी संस्था दर्ता नगर्न निर्देशन

काठमाडौं, ७ मंसिर/ भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले बचत तथा ऋणको मुख्य कारोबार गर्नेगरी सहकारी संस्था दर्ता नगर्न प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिएको छ ।

२३ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले महानगर पालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाइ बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी सस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने निर्णय भएकोले सोही अनुसार गर्न निर्देशन दिएको हो ।

देशभर ठूलो संख्यामा रहेका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुबाट पछिल्लो समयमा ठूला ठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गएको मन्त्रालयको सुचनामा भनिएको छ ।

जसले सहकारी संस्थाका सदस्य तथा वचतकर्ताहरुको वचत फिर्ता हुन नसकी सहकारी संस्थाहरुमा गम्भीर समस्या सिर्जना भएको र यसबाट समग्र सहकारी क्षेत्रका अतिरिक्त सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले सुचनामा भनिएको छ ।

सहकारी क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगर पालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई वचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट सहकारी संस्थाको दर्तं गर्न रोक लगानी निर्णय भको भन्दै सोही अनुसार गर्न प्रदेश र स्थानिउ तहलाई मन्त्रालयले सुचना जारी गरेको हो ।

बचत तथा ऋणको मूख्य कारोबार गर्नेगरी सहकरी दर्ताकासँगै कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने निर्णय भएको मन्त्रालयले जनाएको छ ।


## स्तनपान: बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ ।**
त्यसैले

- स्वास्थ्यकर्मीहरुले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादन वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपचार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारबाही हुनेछ ।

हेटौंडा उपमहानगरपालिका
**३ नं. वडा कार्यालय**
बसामाडी, हेटौंडा



## १४औं वार्षिक साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८०/०६/०६ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १४ औं वार्षिक साधारण सभा तपशिल बमोजि गर्ने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुको सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभामा छलफलका विषयहरु:**
१. संचालक समितिको अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा ।
२. संचालक समितिको सचिवहरुको प्रतिवेदन सम्बन्धमा ।
३. संचालक समितिको ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. संचालक समितिको लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
५. संचालक समितिको कोषाध्यक्षज्यूको अनुमानीत बजेट एवम् आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
६. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
७. आ.व. २०८०/०८१ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
८. ५औं अधिवेशनमा निर्वाचित पदाधिकारी सदस्यहरुको जिम्मेवारी हेरफेर अनुमोदन सम्बन्धमा ।
९. आन्तरिक नीति एवम् कार्यविधि संचालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१०. भेलाको निर्णय माइन्युट प्रमाणित गर्न नाम छनौट अनुमोदन सम्बन्धमा ।

**कार्यक्रम:**
मिति: २०८० मंसिर ९ गते शनिबार
समय: विहान १० बजे देखि ३ बजेसम्म
स्थान: रोयल पार्टी प्यालेश 'सि' हेटौंडा-४


शिव प्रसाद श्रेष्ठ (सचिव)
**सशक्त बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा, मकवानपुर



## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?

मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ



*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)
*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना